श्री

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पदाधिकारीहरुको उपस्थितिमा बसी निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन स्थानः तीनपाटन गाउँ कार्यपालिकाको कार्यालयको सभाहल।

बैठक सञ्चालन मितिः २०८०।०३।११ गते।

बैठक बसेको समयः बिहान ८.०० बजे।

उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| 1. | श्री कर्ण बहादुर मगर | गाउँ कार्यपालिका अध्यक्ष | |
| 2. | श्री धन बहादुर पुलामी अशोक | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| 3. | श्री गोविन्द बहादुर राउत | वडा अध्यक्ष, १ नं. वडा | |
| 4. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष, २ नं. वडा | |
| 5. | श्री लाल बहादुर स्याङ्तान | वडा अध्यक्ष, ३ नं. वडा | |
| 6. | श्री खड्ग बहादुर भुजेल | वडा अध्यक्ष, ४ नं. वडा | |
| 7. | श्री भुपाल सिंह तामाङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| 8. | श्री बीर बहादुर पुलामी | वडा अध्यक्ष, ६ नं. वडा | |
| 9. | श्री युवराज पहाडी | वडा अध्यक्ष, ७ नं. वडा | |
| 10. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष, ८ नं. वडा | |
| 11. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष, ९ नं. वडा | |
| 12. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष, १० नं. वडा | |
| 13. | श्री तिलक बहादुर बस्नेत क्षेत्री | वडा अध्यक्ष, ११ नं. वडा | |
| 14. | श्री तारामाया श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | |
| 15. | श्री गंगामाया तामाङ | गाउँ कार्यपालिका सदस्य | |
| 16. | श्री सिम कुमारी आले | गाउँ कार्यपालिका सदस्य | |
| 17. | श्री युवमाया मस्राङ्गी | गाउँ कार्यपालिका सदस्य | |
| 18. | श्री कमल बहादुर दमै | गाउँ कार्यपालिका सदस्य | |
| 19. | श्री लोक बहादुर विक | गाउँ कार्यपालिका सदस्य | |
| श्री सन्तोष घिमिरे, प्रमुख प्रशासकीय अधिकृत | | गाउँ कार्यपालिका सचिव | |
| अन्य उपस्थिति | | | |
| श्री जीतेन्द्र गिरी, शाखा अधिकृत सातौं | | कर्मचारी प्रशासन शाखा | |
| श्री युवराज काफ्ले, शिक्षा अधिकृत | | शिक्षा [illegible] | |

श्री राम वचन साह स्वास्थ्य शाखा

श्री चन्द्रिका थापा, का.स.

पाना ॥१॥

| | | |
|---|---|---|
| श्री सुमित भण्डारी, पूर्वाधार विकास शाखा | इन्जिनियर | |
| श्री विष्णु प्रसाद कुइँकेल | अधिकृत स्तर | |
| श्री चन्द्र प्रसाद न्यौपाने | आयुर्वेद चिकित्सक | |
| श्री कमल घिमिरे | कृषि शाखा प्रमुख | |
| श्री विष्णु बहादुर तामाङ | खेलकुद संयोजक | |
| श्री सुरेश कुमार बराल | योजना शाखा प्रमुख | |
| श्री इन्द्रजीत मण्डल | स्वा.पा.प्र.ई. | |
| श्री विनोद घर्ती | सामाजिक सुरक्षा तथा पञ्जीकरण | |
| श्री पोषराज भण्डारी | खानेपानी कार्यक्रम सहायक | |
| श्री रुद्र बहादुर पायाँ | | |

सन्तोष घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव एवम् कार्यसूचीहरुः

| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्बन्धित शाखा/वडा/विषयगत समिति |
|---|---|---|
| १. | तीनपाटन गाउँपालिकाको नागरिक उपचार सहायता कोष परिचालन विधेयक, २०८० स्वीकृतीका लागि १२ औं गाउँ सभाको दोस्रो बैठकमा पेश गर्ने। | |
| २. | तीनपाटन गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको विधेयक, २०८० स्वीकृतीका लागि १२ औं गाउँ सभाको दोस्रो बैठकमा पेश गर्ने। | |
| ३. | १२ औं गाउँ सभाको दोस्रो बैठकमा न्यायिक समिति, अनुगमन तथा मूल्यांकन समितिको प्रतिवेदन, LISA/FRA लगायतमा प्राप्त भएको नतिजा र आगामी दिनमा चाल्नुपर्ने कदम, कर्मचारी पुरस्कार, गैरसरकारी संघ/संस्थाको वार्षिक वजेट स्वीकृती लगायत विविध विषयमा निर्णय गर्न प्रस्ताव लैजाने। | |
| ४. | आर्थिक वर्ष २०८०।०८१ को घरजग्गा रजिष्ट्रेशन को न्युनतम मूल्यांकन निर्धारण गरी मालपोत कार्यालय, सिन्धुलीमा पठाउन स्थानीय राजस्व परामर्श समितिलाई जिम्मेवारी सुम्पने। | |
| ५. | विविध। | |



Scanned with CamScanner

निर्णय नं. (१)

प्रस्ताव नम्बर (१) माथि छलफल गर्दा गाउँपालिकाका अध्यक्षज्यू मार्फत् बैठकमा पेश हुन आएको तीनपाटन गाउँपालिकाको नागरिक उपचार सहायता कोष परिचालन विधेयक, २०८० स्वीकृतीका लागि १२ औं गाउँ सभाको दोस्रो बैठकमा पेश गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

निर्णय नं. (२)

प्रस्ताव नम्बर (२) माथि छलफल गर्दा गाउँपालिकाका अध्यक्षज्यू मार्फत् बैठकमा पेश हुन आएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको विधेयक, २०८० स्वीकृतीका लागि १२ औं गाउँ सभाको दोस्रो बैठकमा पेश गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

निर्णय नं. (३)

प्रस्ताव नम्बर (३) माथि छलफल गर्दा १२ औं गाउँ सभाको दोस्रो बैठकमा न्यायिक समिति, अनुगमन तथा मूल्यांकन समितिको प्रतिवेदन, LISA/FRA लगायतमा प्राप्त भएको नतिजा र आगामी दिनमा चाल्नुपर्ने कदम, कर्मचारी पुरस्कार, गैरसरकारी संघ/संस्थाको वार्षिक बजेट स्वीकृती लगायत विविध विषयमा निर्णय गर्न प्रस्ताव लैजाने निर्णय सर्वसम्मतीले पारित गरियो।

निर्णय नं. (४)

प्रस्ताव नम्बर (४) माथि छलफल गर्दा आर्थिक वर्ष २०८०।०८१ को घरजग्गा रजिष्ट्रेशनको न्युनतम मूल्यांकन निर्धारण गरी मालपोत कार्यालय, सिन्धुलीमा पठाउन स्थानीय राजस्व परामर्श समितिलाई जिम्मेवारी सुम्पने निर्णय सर्वसम्मतीले पारित गरियो।

निर्णय नं. (५)

प्रस्ताव नम्बर (५) विविध माथि छलफल गर्दा-

क. श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिबासको पत्र संख्या १२३२/०७९/०८०/अनु.१ख, चलानी नं. ३६२०/BDS-079/080-58566, मिति २०८०।०२।१९ को कागजातहरु उपलब्ध गराउने विषयक पत्रका विषयमा यस बैठकमा छलफल भयो। २ नं. वडा चौतारादेखि ३ नं. वडाको कोटगाउँसम्मको आयोजनामा श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेको उजुरीमा उल्लेख भए बमोजिम बजेटको दुरुपयोग नगरिएको, वन विनास नगरी आयोजना सञ्चालनमा ल्याइएको भन्ने तीनपाटन कार्यपालिकाको धारणा समेत संलग्न राख्दै सम्मानित आयोगवाट माग भएका कागजातहरुको प्रतिलिपी उपलब्ध गराउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

ख. नेपाल सरकार तथा प्रदेश सरकारवाट चालु आर्थिक वर्ष २०७९।०८० मा समपूरक अनुदान मार्फत् प्राप्त बजेटमा गाउँपालिकाको समेत पचास प्रतिशत बजेट साझेदारी गर्नुपर्नेमा सो समेत व्योहोरी ठेक्का सम्झौता भएका आयोजनाहरुको म्याद यही असार मसान्तसम्म मात्र कायम गरिएकोमा उक्त म्यादभन्दा पछि पुनः म्याद थप गरी आयोजना सञ्चालन गर्दा नेपाल सरकार तथा प्रदेश सरकारवाट प्राप्त समपूरक अनुदानको रकम फ्रिज हुने भएकाले समपूरक अनुदानको बजेटवाट खर्च व्योहोर्ने गरी ठेक्का सम्झौता भएका आयोजनाहरुको जे जस्तो अवस्थामा कार्यप्रगती भएको छ सोही स्थितिमा अन्तिम फरफारक गर्न पूर्वाधार विकास शाखालाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

कर्ण बहादुर मगर
गाउँपालिका अध्यक्ष

सन्तोष घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

पाना॥३॥

Scanned with CamScanner